महाकुलुङ गाउँपालिका

गाउँ सभा

१७ औं अधिवेशन

मितिः २०८२/०९/०३

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुर्य बहादुर राई (कुलुङ) | सभाध्यक्ष | |
| २ | श्री बिपना कुलुङ | सभा उपाध्यक्ष | |
| ३ | श्री पर्खिधन राई | सभा सदस्य | |
| ४ | श्री प्रदिप राई | सभा सदस्य | |
| ५ | श्री दुर्गा बहादुर राई | सभा सदस्य | |
| ६ | श्री सरस्वती राई | सभा सदस्य | |
| ७ | श्री महलसिं राई | सभा सदस्य | |
| ८ | श्री सिद्धिमनि राई | सभा सदस्य | |
| ९ | श्री सिता माया वि.क. | सभा सदस्य | सिता वि क |
| १० | श्री चस्मिता वि.क. | सभा सदस्य | चस्मिता |
| ११ | श्री निर कुमारी राई | सभा सदस्य | |
| १२ | श्री शारदा कुलुङ | सभा सदस्य | |
| १३ | श्री दौलित कुलुङ | सभा सदस्य | |
| १४ | श्री देव नारायण कुलुङ | सभा सदस्य | |
| १५ | श्री हिरामाया वि.क. | सभा सदस्य | |
| १६ | श्री कर्मा शेर्पा | सभा सदस्य | |
| १७ | श्री लक्ष्मण कुलुङ | सभा सदस्य | |

प्रमाणित

अध्यक्ष

महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| १८ | श्री ज्ञान बहादुर कुलुङ | सभा सदस्य | ज्ञान |
| १९ | श्री अर्चना कुलुङ | सभा सदस्य | अर्चना |
| २० | श्री डिल्ली कुमार कुलुङ | सभा सदस्य | |
| २१ | श्री सिर्ग कुमार कुलुङ | सभा सदस्य | [signature] |
| २२ | श्री अमिता वि.क. | सभा सदस्य | अमिता |
| २३ | श्री उर्मिलादेवी कुलुङ | सभा सदस्य | उर्मिला |
| २४ | श्री धन कुमार कुलुङ राई | सभा सदस्य | [signature] |
| २५ | श्री इन्द्र कुमारी कुलुङ | सभा सदस्य | [signature] |
| २६ | श्री किरण काजी कुलुङ | सभा सदस्य | [signature] |
| २७ | श्री डिमा शेर्पा | सभा सदस्य | |
| २८ | श्री सुर्य कुमार कुलुङ | सभा सदस्य | [signature] |
| २९ | श्री छोईसाङ तामाङ | सभा सचिव | [signature] |

प्रमाणित
[signature]
अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका

गाउँसभा

१८ औं अधिवेशन

मिति:२०८२/०९/०३

कर्मचारीहरुको उपस्थितिः

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | खरिधन राई | अधिकृत स्तर (आठौ तह) | |
| २. | विभुति निरौला | पशु चिकित्सक (सातौ तह) | |
| ३. | हरी प्रसाद आचार्य | जनस्वास्थ्य निरिक्षक (छैटौं तह) | |
| ४. | ध्रुवधन राई | लेखापाल | |
| ५. | जीवन राई | अधिकृत स्तर (छैटौ तह) | |
| ६. | हरिलाल कुलुङ | अधिकृत स्तर (छैटौ तह) | |
| ७. | कृष्ण राई | सूचना तथा प्रविधि अधिकृत(छैटौं तह) | |
| ८. | नविन आचार्य | इन्जिनियर (छैटौं तह) | |
| ९. | एलिशा श्रेष्ठ | अधिकृत स्तर (छैटौ तह) | |
| १०. | मिष्टर सन्देश कुलुङ | रोजगार संयोजक | |
| ११. | पूर्णिमा श्रेष्ठ | १ नं. वडा सचिव | |
| १२. | प्रदिप प्रधान | २ नं. वडा सचिव | |
| १३. | कुविर धन राई | ३ नं. वडा सचिव | |
| १४. | भक्तिविलास पोखरेल | ४ नं. वडा सचिव | |
| १५. | क्षितिज बस्नेत | ५ नं. वडा सचिव | |
| १६. | शशिकला राई | सि.अ.न.मि.(पाँचौं तह) | |
| १७. | सरिता दर्लामी | प.स्वा.प्रा.स.(पाँचौं तह) | |
| १८. | गिता कुमारी यादव | सव-इन्जिनियर(पाँचौं तह) | |
| १९. | राजेश पन्त | प्रा.स.कृषि(पाँचौं तह) | |
| २०. | कल्पना अधिकारी | कम्प्युटर अपरेटर (पाँचौं तह) | |
| २१. | शुष्कल धमला | सव-इन्जिनियर (पाँचौं तह) | |
| २२. | चिरञ्जिवी आचार्य | प्रशासन (पाँचौं तह) | |
| २३. | सञ्जय बाबु कुलुङ | एम.आइ.एस. अपरेटर (पाँचौं तह) | |
| २४. | इन्दिरा कुलुङ राई | कृषि प्रा.स.(पाँचौं तह) | |

प्रमाणित

अध्यक्ष

महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| २५. | प्रदिप कुलुङ | [illegible](पाँचौं तह) | |
| २६. | संजिल कुमार सिंह | असिस्टेन्ट सव-इन्जिनियर(चौंथो तह) | |
| २७. | सुरेश ओली | अमिन (चौंथो तह) | |
| २८. | सुनिल कुमार वरही | खा.पा.सा.टे. (चौंथो तह) | |
| २९. | मान सिं राई | असिस्टेन्ट सव-इन्जिनियर(चौंथो तह) | |
| ३०. | प्रेम कुमार बस्नेत | फिल्ड सहायक(चौंथो तह) | |
| ३१. | कविता नाछिरिङ | लघु उद्यम विकास सहजकर्ता(चौंथो तह) | |
| ३२. | विनोद बाबु बस्नेत | ना.प्रा.स.(चौंथो तह) (ना.प.दे.पु. | |
| ३३. | पवित्रा नाछिरिङ | ना.प्रा.स.(चौंथो तह) | |
| ३४. | असोक बहादुर बोहरा | ना.प्रा.स.(चौंथो तह) | |
| ३५. | धनकाजी कुलुङ | सिविर सहजकर्ता | |
| ३६. | दिपेन्द्र वि.क. | सिविर सहजकर्ता | |
| ३७. | विनायक राई | अपाङ्ग सहायक सहजकर्ता | |
| ३८. | बाबुराम किरात | कार्यालय सहयोगी | |
| ३९. | प्रमिना कुलुङ | कार्यालय सहयोगी | |
| ४०. | वसन्त कुलुङ | कार्यालय सहयोगी | |
| ४१. | कुमारी कुलुङ | कार्यालय सहयोगी | |
| ४२. | हर्कराज राई | कार्यालय सहयोगी | |
| ४३. | नकुल कुलुङ | कार्यालय सहयोगी | |
| ४४. | डेण्डी कुमार राई | कार्यालय सहयोगी | |
| ४५. | अनिल कुमार राई | कार्यालय सहयोगी | |
| ४६. | द्रोण बहादुर कार्की | ब्याक लोडर चालक | |
| ४७. | सुनिल घर्ति मगर | हलुका सवारी चालक (एम्बुलेन्स) | |
| ४८. | मिलन खड्का | हलुका सवारी चालक | |
| ४९ | मौसम कुलुङ | हलुका सवारी चालक | |
| ५० | धर्मराज राई कुलुङ | हलुका सवारी चालक | |
| ५१ | डा. सागर खड्का | मे.सु. (महाकुलुङ आधारभूत अस्पताल) (नवौं) | |
| ५२ | डा. रोशन कुलुङ | मे.अ. (महाकुलुङ आधारभूत अस्पताल) (आठौं) | |
| ५३ | रामकृत शाह | वैद्य प० आ० अ० | |
| ५४ | बाबुराम कि. | | |

प्रमाणित

अध्यक्ष
महाकुलुङ गाउँपालिका

## महाकुलुङ गाउँपालिका, गाउँसभाको १७ औ हिउँदे अधिवेशन, २०८२/०९/०३ - कार्यसुची

- मान्य सदस्यज्यूहरुको प्रवेश तथा उपस्थिति पुस्तिकामा हस्ताक्षर र आसन ग्रहण - सबै सदस्यबाट
- अध्यक्षज्यूको प्रवेश - प्रवेशसँगै राष्ट्रिय धुन/सबैले उठेर सम्मान व्यक्त गर्ने ।
- गाउँसभाको सुरुवात — अध्यक्षज्यूबाट
- आ.व.२०८०/८१ को वेरुजु सम्परीक्षण र आ.व. २०८१/८२ को प्रारम्भिक प्रतिवेदन उपर छलफल - वडा नं. १ का अध्यक्ष श्री पर्खिधन राई (संयोजक लेखा समिति)
- गाउँसभाबाट पारित गर्नुपर्ने प्रस्तावहरु प्रस्तुत — प्रमुख प्रशासकीय अधिकृतज्यूबाट
- २०८२/८३ को पुरक तथा संशोधित बजेट पेश — उपाध्यक्ष श्री विपना कुलुङज्यूबाट
- पूरक तथा संशोधन वजेट र पेश भएका प्रस्ताव उपर छलफल — मान्य सदस्यहरु (वडाअध्यक्ष वाहेक)
- भनाई राख्रे — वडा नं. १ का अध्यक्ष श्री पर्खिधन्न राई
- भनाई राख्रे — वडा नं. २ का अध्यक्ष श्री प्रदिप कुलुङ
- भनाई राख्रे — वडा नं. ३ का अध्यक्ष श्री दुर्गा वहादुर कुलुङ
- भनाई राख्रे — वडा नं. ४ का अध्यक्ष श्री सरस्वती कुलुङ
- भनाई राख्रे — वडा नं. ५ का अध्यक्ष श्री महल कुलुङ
- गाउँसभामा पेश भएका प्रस्तावहरुलाई पारित गर्ने — मान्य सदस्यज्यूहरुबाट
- सम्मान कार्यक्रम
- गाउँसभाको अन्त्य — अध्यक्षज्यूबाट

..............................

सुर्य बहादुर कुलुङ राई

अध्यक्ष

अध्यक्ष
महाकुलुङ गाउँपालिका

# गाउँसभाको १७ औं हिउँदे अधिवेशनमा प्रस्तुत भएका प्रस्तावहरु

१. गाउँसभाको १७ औं हिउँदे अधिवेशनको कार्यसूची स्वीकृत सम्बन्धमा।

२. उपाध्यक्षज्यूबाट प्रस्तुत संशोधित बजेट सम्वन्धमा।

३. गाउँपालिका मातहत विभिन्न पदमा कार्यरत कर्मचारीहरुको साउन र भदौ महिनाको छुट तलब भत्ता भूक्तानी गर्ने सम्वन्धमा।

४. गत आ.व २०८१/८२ मा सिर्जित आर्थिक दायित्वको मलेप फान २२१ स्वीकृत गर्ने सम्बन्धमा।

५. आ.व २०८२/०८३ को मिति २०८२/०४/०१ देखि २०८२/०९/०२ गतेसम्मको भ्रमण भत्ता पदाधिकारी खर्च,खाना र खाजा खर्च,गाडी भाडा,मसलन्द खर्च,गत आवको भूक्तानी दिन बाँकी योजनाहरुको दिएको भूक्तानी,कार्यक्रम खर्च,पेश्की खर्च लगायतको अन्य सम्पूर्ण खर्चहरु स्वीकृत गर्ने सम्वन्धमा।

६. आ.व २०८२/०८३ को मिति २०८२/०४/०१ देखि २०८२/०९/०२ गतेसम्मको कार्यपालिकाहरुमा गरिएको सम्पूर्ण निर्णय स्वीकृत गर्ने सम्वन्धमा।

७. बेरुजु नियमित गरी लगत कट्टा गर्ने सम्बन्धमा।

अध्यक्ष
महाकुलुङ गाउँपालिका

गाउँसभाको १७ औं हिउँदे अधिवेशनमा प्रस्तुत भएका प्रस्तावहरु:-

१. गाउँसभाको १७ औं हिउँदे अधिवेशनको कार्यसूची स्वीकृत सम्बन्धमा ।
२. उपाध्यक्षज्यूद्वारा प्रस्तुत संशोधित बजेट सम्बन्धमा ।
३. गाउँपालिका मातहत विभिन्न पदमा कार्यरत कर्मचारीहरुको साउन र भदौ महिनाको छुट तलब भत्ता भूक्तानी गर्ने सम्वन्धमा ।
४. गत आ.व २०८१/८२ मा सिर्जित आर्थिक दायित्वको मलेप फा.नं. २२१ स्वीकृत गर्ने सम्बन्धमा ।
५. आ.व. २०८२/८३ को मिति २०८२/०४/०१ देखि २०८२/०९/०२ गतेसम्मको भ्रमण भत्ता पदाधिकारी खर्च , खाना र खाजा खर्च , गाडी भाडा , मसलन्द खर्च , गत आ.व.को भुक्तानी दिन बाँकी योजनाहरुको दिएको भुक्तानी , कार्यक्रम खर्च , पेश्की खर्च लगायतको अन्य सम्पुर्ण खर्चहरु स्वीकृत गर्ने सम्बन्धमा ।
६. आ.व. २०८२/०८३ को मिति २०८२/०४/०१ देखि २०८२/०९/ २ गतेसम्मको कार्यपालिकाहरुमा गरिएको सम्पुर्ण निर्णय स्वीकृत गर्ने सम्बन्धमा ।
७. बेरुजु नियमित गरी लगत कट्टा गर्न महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्ने सम्बन्धमा

निर्णयहरुः

निर्णय नं- १

प्रस्ताव नं १ माथि व्यापक छलफल गर्दा महाकुलुङ गाउँपालिकाको गाउँसभाको १७ औं हिउँदे अधिवेशनको कार्यसूची स्वीकृत गरिने सम्बन्धमा उपस्थित सभासदस्य ज्यू हरुबाट {हुन्छ } भनी समर्थन प्राप्त भएको हुँदा सोही बमोजिम निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं. -२

प्रस्ताव नं. २ माथि बृहत रुपमा छलफल गर्दा यस महाकुलुङ गाउँपालिकाको उपाध्यक्षज्यूद्वारा यस गाउँसभामा प्रस्तुत आ.व. २०८२/८३ को संशोधित बजेट सर्वसम्मतले पारित गरियो ।

निर्णय नं. -३

प्रस्ताव नं ३ माथि बृहत रुपमा छलफल गर्दा यस महाकुलुङ गाउँपालिका मातहत बिभिन्न पदमा कार्यरत कर्मचारीहरुको साउन र भदौ महिनाको छुट तलब पालिकाको स्रोत बाट आगामी दिनमा यस्ता किसिमका दायित्व सिर्जना हुने किसिमका कार्य नगरिने प्रतिवद्धता ब्यक्त गरी आत्मआलोचनाका साथ एक पटकका लागि गाउँपालिकाको आन्तरिक श्रोतबाट भुक्तानी गरिने निर्णय सभाबाट पारित गरियो ।

प्रमाणित

अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ सोलुखुम्बु,
कोशी प्रदेश, नेपाल

निर्णय नं. -४

प्रस्ताव नं ४ गत आ.व २०८१/८२ मा सिर्जित आर्थिक दायित्वतर्फको मलेप फा.नं. २२१ स्वीकृत गर्ने प्रस्तावका सम्बन्धमा छलफल गर्दा सभा सदस्य ज्यूहरुबाट हुन्छ भनी समर्थन प्राप्त भएको हुँदा सोही बमोजिम मलेप फा.नं. फाराम २२१ स्वीकृत गर्ने निर्णय सभाबाट पारित गरियो ।

निर्णय नं. -५

प्रस्ताव नं ५ माथि बृहत रुपमा छलफल गर्दा आ.व. २०८२/८३ को मिति २०८२/०४/०१ देखि २०८२/०९/०२ गतेसम्मको महाकुलुङ गाउँपालिकाको भ्रमण भत्ता, पदाधिकारी खर्च , खाना र खाजा खर्च , गाडी भाडा , मसलन्द खर्च , गत आ.व.को भुक्तानी दिन बाँकी योजनाहरुको दिएको भुक्तानी , कार्यक्रम खर्च , पेश्की खर्च लगायतको अन्य सम्पुर्ण खर्चहरु स्वीकृत गर्ने सम्बन्धमा सभाका सदस्य ज्यूहरुबाट हुन्छ भनी समर्थन प्राप्त गरेको हुँदा सभाबाट उल्लेखित निर्णय पारित गरियो ।

निर्णय नं. -६

प्रस्ताव नं ६ आ.व. २०८२/०८३ को मिति २०८२/०४/०१ देखि २०८२/०९/ २ गतेसम्मको महाकुलुङ गाउँपालिकाको कार्यपालिकाका तपसिलको मितिमा गरिएको निर्णय संख्याहरु स्वीकृत गर्न सभा सदस्य ज्यु हरुबाट हुन्छ भन्ने समर्थन प्राप्त भएको हुँदा निम्नानुसारका निर्णय संख्याहरु सभाबाट स्वीकृत गरिने निर्णय पारित गरियो ।

मिति २०८२/०४/०७ गते निर्णय नं १ देखि ५ सम्म ।

मिति २०८२/०५/३१ गते निर्णय नं १ देखि १८ सम्म ।

मिति २०८२/०८/०४ गते निर्णय नं १ देखि ३७ सम्म ।

मिति २०८२/०९/०२ गते निर्णय नं १ देखि १८ सम्म ।

प्रमाणित

अध्यक्ष
महाकुलुङ गाउँपालिका

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथी बृहत रुपमा छलफल गर्दा आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखापरीक्षणमा कायम भएका देहायका दफाका बेरुजु नियमित गरी लगत कट्टा गरी दिनु हुन महालेखापरीक्षकको कार्यालय समक्ष सभाका सम्पुर्ण सदस्यहरुवाट पेश गर्ने भनी सभाबाट निर्णय सर्वसम्मत पारित गरियो ।

क) लेखापरीक्षण प्रतिवेदनको दफा १८ करार कर्मचारीः ऐनले तोकेको पद बाहेक इन्जिनियर १, सब इन्जिनयर १, दरवन्दी नभएको अमिन १, सहायक पाँचौं १, सहायक चौथो १ जनालाई करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी राखी खर्च गरेको रकम नियम सम्मत नदेखिएको भनी रु. २३,५०,१५३ औंल्याइएको बेरुजु नियमित गरी लगत कट्टा गरी दिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने सम्बन्धी महाकुलुङ गाउँपालिकाको लेखा समितिबाट भएको सिफारिस सम्वन्धमा छलफल गरियो । स्थायी कर्मचारीको पद पूर्ति भएका कर्मचारी सरूवा भएको गएका, प्रदेश लोक सेवाबाट पदपूर्तिको सिफारिसको प्रकृयामा रहेको र सरल, सहज सेवा प्रवाह गर्नको लागि अनिवार्य तथा अति आवश्यक पर्ने ईन्जिनीयरिङ समूहका कर्मचारीको करारमा पदपूर्ति गरिएको र अमिन लगायतका पदको दरवन्दी गाउँपालिकाले पछि निर्माण गरेको कार्यालय तथा व्यवस्थापन सर्वेक्षण (O & M) मा समेत कायम गरिएकोले सो कायम भएको बेरुजुको लगत कट्टा गरिदिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

ख) लेखापरीक्षण प्रतिवेदनको दफा १९ कर्मचारी प्रोत्साहन भत्ताः पालिकाले कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि तयार गरेको पाइएन । पालिकाले गाउँसभाको निर्णयबाट गाउँसभामा खटिने ४ • जना कर्मचारीहरूलाई ३,६०,३२२ प्रोत्साहन खर्च लेखेको पाइयो । पालिकाले प्रोत्साहन भत्ता दिनु पर्ने आधार पेश गरेको पाइएन । पालिकाले यस अवधिमा गरेको अतिरिक्त कार्यहरूको कार्य विवरण तथा भत्ता वितरणको कुनै निश्चित मापदण्ड नबनाई, लिखित हाजिर समेत प्रमाणित नगरी प्रगति विवरण (कार्यसम्पादन सूचकाङ्क) समेत नगरी सिमित व्यक्तिहरूलाई मात्र भुक्तानी गरेको रकम अनियमित देखिएको रु. ३,६०,३२२ औंल्याइएको बेरुजु नियमित गरी लगत कट्टा गरी दिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने सम्बन्धी महाकुलुङ गाउँपालिकाको लेखा समितिबाट भएको सिफारिस सम्वन्धमा छलफल गरियो । गाउँसभामा पेश गर्न कानुनको तयारी तथा छलफलका साथै नीति तथा कार्यक्रम र बजेटको तयारी तथा छलफल गर्नु पर्ने भएको र सेवाग्राहीहरूलाई नियमित सेवा प्रवाह गर्नु पर्ने भएको हुँदा सो अवधिमा प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखाका कर्मचारी, योजना शाखाको कर्मचारी बढी व्यस्त रहनु पर्ने भएको हुँदा सो अवधिमा प्रोत्साहन भत्ता दिने निर्णय भएको र आवश्यक कानुन कार्यसम्पादनमा आधारित उत्प्रेरणा जगाउने, कर्मचारीको सेवा सुविधा समानता कायम गर्न तथा अतिरिक्त समय काम गरे वापत (प्रोत्साहन भत्ता) सम्बन्धी कार्य विधि ऐन, २०८२ निर्माण गरी कार्यान्वयनमा समेत रहेको हुँदा सो कायम भएको बेरुजुको लगत कट्टा गरिदिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

ग) लेखापरीक्षण प्रतिवेदनको दफा ४२ निर्देशिका विपरित खर्चः कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ को बुदा ६ को ४ मा तालिम केन्द्र / प्रतिष्ठान

अध्यक्ष
महाकुलुङ गाउँपालिका

बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिममा कार्यालयका कर्मचारी स्रोत व्यक्ति/प्रशिक्षक अधिकृत स्तरको तालिम भएमा कार्यपत्र वापत रु. १२०० मात्र पाउने र अन्य निकायका स्रोत व्यक्ति भएमा कार्यपत्र वापत रु. १२०० र कक्षा लिएवापत रु. १००० भुक्तानी गर्न सकिने नर्म्समा उल्लेख भएको भन्दा देहाय बमोजिम बढी भुक्तानी भएको छ । पालिकाले पारित गरेको कार्यसंचालन निर्देशिकामा प्रशिक्षक भत्ता रु. २००० र कार्यपत्र वापत रु. १००० दिन व्यवस्था गरी प्रदेशको कार्यसंचालन निर्देशिका भन्दा बढी भुक्तानी हुने गरी नर्म्स तयार गरेको पाइएकोले नियमसम्मत नदेखिएको रु. ४०,२८९ औंल्याइएको बेरुजु नियमित गरी लगत कट्टा गरी दिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने सम्बन्धी महाकुलुङ गाउँपालिकाको लेखा समितिबाट भएको सिफारिस सम्बन्धमा छलफल गरियो । महाकुलुङ गाउँपालिका सोलुखुम्बु जिल्लाको अति दुर्गम क्षेत्र भएको हुनाले अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका र प्रदेशको कार्यसंचालन निर्देशिका अनुसारको कार्यपत्र र कक्षा लिए वापतको प्रशिक्षण भत्तामा प्रशिक्षक व्यवस्था गर्न नसकिने भएको हुँदा पालिकाद्वारा पारित गरेको कार्यसंचालन निर्देशिकामा प्रशिक्षक भत्ता रु. २००० र कार्यपत्र वापत रु. १००० दिने व्यवस्था गरी सो अनुसार भुक्तानी गरिएको रकम नियम सम्मत नदेखिएको भनी औंल्याइएको बेरुजुको लगत कट्टा गरिदिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

घ) लेखापरीक्षण प्रतिवेदनको दफा ४५ टुक्रा खरिदः सार्वजनिक खरिद ऐनको प्रावधान कार्यान्वयन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य नगरेको अनियमित देखिएको रु. २८,७०,१३९ औंल्याइएको बेरुजु नियमित गरी लगत कट्टा गरी दिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने सम्बन्धी महाकुलुङ गाउँपालिकाको लेखा समितिबाट भएको सिफारिस सम्बन्धमा छलफल गरियो । जनशक्तिको कमी, समय अभाव, सेवा प्रवाह छिटो गर्नु पर्ने भएको कारणले टुक्रा खरिद गरिएको र अबका दिनदेखि सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार खरिद प्रकृया अगाडि बढाउने प्रतिवद्धता गर्दै गराउदै सो औंल्याइएको बेरुजुको लगत कट्टा गरिदिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

ङ) लेखापरीक्षण प्रतिवेदनको दफा ५१ कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः उपभोक्ता समितिमार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धाबाट कार्यालयले गराउनुपर्ने कार्यहरू समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु. ११,५१,४४४ औंल्याइएको बेरुजु नियमित गरी लगत कट्टा गरी दिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने सम्बन्धी महाकुलुङ गाउँपालिकाको लेखा समितिबाट भएको सिफारिस सम्बन्धमा छलफल गरियो । सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिष्पर्धात्मक प्रकृयाबाट अगाडी बढाउदा लामो समय लाग्ने भएको हुँदा समय अभावको कारण उपभोक्ता समितिमार्फत गराइएको र अबका दिनमा यस्ता कार्यहरू सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्ने गराउने प्रतिवद्धता गर्दै सो औंल्याइएको

अध्यक्ष
महाकुलुङ गाउँपालिका

बेरुजुको लगत कट्टा गरिदिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

च) लेखापरीक्षण प्रतिवेदनको दफा ५९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा पूर्वनिर्धारित गर्न नसकिएको परिस्थितिको कारण लागत अनुमान तथा योजनाको डिजाइन तथा अन्य कुराहरू परिवर्तन तथा थप घट गर्नुपर्ने भएमा तोकिएको अधिकार प्राप्त अधिकारीबाट भेरिएसन आदेश जारी गर्नु पर्ने व्यवस्था छ । पालिकाले एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको महाकुलुङ प्राथमिक अस्पताल निर्माणका लागि निर्माण व्यवसायी श्री लुम्बिनी/खानी जे.भी.सँग रु. १६,८५,०३,२४०.५३ ( मूल्य अभिवृद्धि कर समेत)मा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा २०८० फागुन ११ गतेको निर्णय अनुसार स्विकृत डि.पि.आर. र सम्झौतामा उल्लेख नभएको तथा अस्पताल नै सञ्चालनमा नआइ स्थान अभाव वेगर ट्रस र छाना निर्माण पहिरोको जोखिम आंकलन वेगर नै थप Retaining Wall लगायत निर्माणमा भेरिएसन मार्फत रु. २,९९,४८,५९१.०५ शुरु सम्झौता अंकको १७.७७ प्रतिशतको Retaining Wall निर्माण थप गरी भेरिएशन समेत सम्झौता रकम रु. १९,८४,५१,८३२.१३ कायम गरी कार्य सम्पन्न गरेको छ । डि.पि.आर. तथा लागत अनुमान समेत उल्लेख नरहेको तथा भवन निर्माणको क्रममा जग खन्दा र निर्माण सम्पन्न गर्ने समयमा समेत क्षति नपुर्याएको स्थानमा भेरिएशन नगरेमा हुन सक्ने थप क्षतको सम्बन्धमा विश्लेषण नगरी भवन निर्माण बजेटको १७.७७ प्रतिशतको Retaining Wall थप गरी भेरिएसन वापत रु. २,९९,४८,८२१.४५ को राज्यलाई थप व्ययभार पर्न गएको देखिन्छ । भेरिएशन गर्नाको प्राविधिक पुष्ट्याइ समेत पेश नगरी भेरिएसनबाट Retaining Wall समेतको निर्माणमा रु. २,९९,४८,८२१.४५ खर्च गरेको नियम संगत नदेखिएको रु. २,९९,४८,८२१.४५ औंल्याइएको बेरुजु सम्बन्धमा छलफल गरियो । यस सन्दर्भमा आयोजना विस्तृत प्रतिवेदन (डिपीआर) निर्माण गर्दा स्रोत सूनिश्चितताको अभाव तथा निर्माणस्थलको पूर्वानुमान गर्न कठिनाई हुँदा डिपीआरमा आवश्यक Retaining Wall को लागत अनुमान संलग्न गर्न नसकिएको । भवन निर्माणको क्रममा अचानक भल तथा बाढी आई तत्कालीन अवस्थामा गाउँपालिकाको प्राविधिक कर्मचारी सहित जन प्रतिनिधिले स्थलगत अवलोकन गर्दा पहिरो र भू-क्षयको खतरा हुन सक्ने र निर्मित संरचनामा समेत क्षति पुग्न सक्ने देखिएको कारण तत्काल जोखिम न्यूनीकरण तथा अनुकूलनको लागि भेरिएसन गरिएको कार्यमा प्रस्तुत बेरुजुको बेरुजुको लगत कट्टा गरिदिनको लागि महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका